# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः <u>लेखापरीक्षण प्रतिवेदन</u> ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय**

पत्र संख्या :

च.न :

मिति: २०७५।१२।१०

श्री प्रमुखज्यू,
वराह पोखरी गाउँपालिका,
खोटाङ ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट वराह पोखरी गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.५९ लाख ५२ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१० लाख ५८ हजार, नियमित गर्नुपर्ने रु.३७ लाख ५१ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१० लाख २५ हजार र पेश्की रु.१ लाख १८ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।०९।०६ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिकृया सहितको प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफा हटाई कायम व्यहोराहरुको लेखापरीक्षण प्रतिवेदन पाना १९ यसैसाथ संलग्न छ

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# वराहपोखरी गाउँपालिका
# लेखापरीक्षण प्रतिवेदन
## २०७४।७५

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस नगरपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलब्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ । प्रदेश नं. १ मा अवस्थित यो गाउँपालिका अर्न्तगत ६ वडा र ३३ सभा सदस्य रहेका छन् । यो गाउँपालिको क्षेत्रफल १४१.६० व.कि.मि.र जनसंख्या १४३४९ रहेको छ ।

**स्थानीय सञ्चितकोष :** आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

| आयतर्फ | | | व्ययतर्फ | | |
|---|---|---|---|---|---|
| **विवरण** | **रकम** | **रकम** | **विवरण** | **रकम** | **रकम** |
| **गत वर्षको जिम्मेवारी** | | **६४१३३४२.००** | **चालु खर्च** | २१७४५१८३.०० | **२१७४५१८३.००** |
| क) नगद | ६४१३३४२.०० | **०** | **पूँजीगत खर्च** | १०००१४१३३.९७ | **१०००१४१३३.९७** |
| ख) बैंक | | **०** | **सशर्त अुदान खर्च** | ६५९४७८०६.५० | **६५९४७८०६.५०** |
| **राजस्व (आन्तरिक आय)** | | **१८३९२६.००** | **हस्तान्तरित कार्यक्रम** | | **२४७२२१६७.००** |
| क) आन्तरिक राजस्व | १८३९२६.०० | | LGCDP चालू | ३१८०००.०० | |
| ख) राजस्व बाँडफाँड | | | LGCDP पूँजीगत | ६०००००.०० | |
| **वित्तीय हस्तान्तरण** | | **२०८१६१०००.००** | सामाजिक सुरक्षा भत्ता | २२०९०८००.०० | |
| वित्तीय समानीकरण अनुदान | १३९६६६०००.०० | | सानासिंचाई | १३५२००७.०० | |
| सशर्त अनुदान | ६८४९५०००.०० | | पुल रेखालु | ७८०००.०० | |
| **हस्तान्तरित कार्यक्रम** | | **२८१२८०००.००** | वहुक्षेत्रीय पोषण | २६५१६०.०० | |
| LGCDP चालू | ४६००००.०० | | गरिव परिवार परिचय पत्र वितरण | १८२००.०० | |
| LGCDP पूँजीगत | ६०००००.०० | | प्रदेश सरकारवाट प्राप्त अनुदान | ८५००००.०० | **८५००००.००** |
| सामाजिक सुरक्षा भत्ता | २२०९०८००.०० | | कोलेनिका फिर्ता | ५९५३०२६.५० | **५९५३०२६.५०** |
| सानासिंचाई | ३७८१०००.०० | | **मौज्दात (श्रेस्तानुसार)** | | |
| पुल रेखालु | ७८०००.०० | | क) संचित कोष मौज्दात (श्रेस्तानुसार रु २४७५३९५१.०३) बैंक वढि रु ३१६४७५।०० | २४७५३९५१.०३ | **२४७५३९५१.०३** |
| वहुक्षेत्रीय पोषण | ११०००००.०० | | ख) धरौटी मौज्दात | | |
| गरिव परिवार परिचय पत्र वितरण | १८२००.०० | | | | |
| **प्रदेश सरकारवाट प्राप्त अनुदान** | ११०००००.०० | **११०००००.००** | | | |
| **जम्मा** | **२४३९८६२६८.००** | **२४३९८६२६८.००** | **जम्मा** | **२४३९८६२६८.००** | **२४३९८६२६८.००** |

# लेखापरीक्षण प्रतिवेदन

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| १. | **संचित कोष(स्थानीय सरकार)** : गाउँपालिकाको संचित कोषमा गत बर्षको रु. ६४,१३,३४२।०० बचत रहेकोमा यस बर्षको आन्तरिक आयबाट रु.१८३९२६।०० समानिकरण सशर्त तथा प्रदेश सरकारबाट प्राप्त अनुदानबाट रु २०९२६१०००.०० सशर्त तथा संघीय सरकारबाट हस्तान्तरित कार्यक्रमा गर्न रु २८१२८०००.०० समेत जम्मा रु २४३९८६२६८.०० आम्दानी भएकोमा चालु तर्फ रु. २१७४५१८३.०० पूँजिगत तर्फ रु. १०००१४१३३.९७ शशर्त अनुदान तर्फ रु. ६५९४७८०६.५० संघीय सरकारबाट हस्तान्तरित कार्यक्रममा रु.२४७२२१६७.०० ,प्रदेश सरकारबाट रु ८५००००.०० र सशर्त तर्फ खर्च नभई बाँकी रहेको रु. ५९५३०२६.५० कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता समेत जम्मा रु. २१९२३२३१६.९७ खर्च भई रु. २५०७०४२६.०३ बाँकी रहेको छ । | |
| २. | **सशर्त अनुदान तथा अन्य कार्यक्रम** : - गाउँपालिकाबाट क्षेत्रगत रुपमा कार्यसम्पादन गर्न यस बर्ष देहायबमोजिम सशर्त बजेट विनियोजन तथा खर्च भएको छ । | |

| **सि.नं** | **विवरण** | **बार्षिक बजेट र निकासा** | **खर्च** | **बाँकी** |
|---|---|---|---|---|
| १ | LGCDP चालू | ४६००००.०० | ३१८०००.०० | १४२०००. |
| २ | LGCDP पूँजीगत | ६०००००.०० | ६०००००.०० | |
| ३ | सामाजिक सुरक्षा भत्ता | २२०९०८००.०० | २२०९०८००.०० | |
| ४ | सानासिंचाई | ३७८१०००.०० | १३५२००७.०० | २४२८९९३. |
| ४ | पुल रेखालु | ७८०००.०० | ७८०००.०० | |
| ५ | प्रदेश सरकारवाट प्राप्त अनुदान | ११०००००.०० | ८५००००.०० | २५००००. |
| ६ | वहुक्षेत्रीय पोषण | ११०००००.०० | २६५१६०.०० | ८३४८४०. |
| ७ | गरिव परिवार परिचय वितरण | १८२००.०० | १८२००.०० | |
| ८ | शिक्षा | ५३२०२०००.०० | ५०९७०६४९.५० | २२३१३५०. |
| ९ | स्वास्थ्य | १३२२००००.०० | १२९०७३१७.०० | ३१२६८३. |
| १० | कृषि | ११८६०००.०० | ११८२८४०.०० | ३१६०. |
| ११ | पशु | ८८७०००.०० | ८८७०००.०० | |
| | **जम्मा** | **९७७२३०००.००** | **९१५१९९७३.५०** | **६२०३०२६.** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| २.१. | सशर्त अनुदान रकम मध्ये खर्च नभई बाँकी रहेको रु.६२०३०२६।५० मा रु.५९३३०२६.५० कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता भएको छ । जस मध्ये प्रदेश सरकारवाट प्राप्त अनुदान रु.११,००,०००.०० मध्ये रु.८,५०,०००।०० खर्च भई वाँकी रु.२,५०,०००।०० रहेको देखिन्छ । प्रदेश सरकारले दिएको अख्तियारीमा खर्च भई वाँकी भएको रकम फिर्ता उल्लेख भएकोले उक्त वाँकी रकम फिर्ता गर्नुपर्ने रु. | २५००००. |
| २.२. | कार्यालयबाट प्राप्त आय व्यय विवरण अनुसार संचित कोषको खुद मौज्दात रु. २४७५३९५१.०३ हुनु पर्नेमा बैक स्टेटमेन्ट अनुसार बैंक खातामा रु २५०७०४२६।०० मौज्दात देखिएकोले रु. ३१६४७५।०० बैंक बढी देखिएको छ । बैंकमा बढी देखिएको रकम रु. ३१६४७५।०० श्रोत खुलेको छैन । श्रोत नखुलेको रकमको श्रोत पहिचान गरी आम्दानी बाध्नु पर्ने रु. | ३१६४७५.० |
| ३. | गाउँपालिकालाई प्राप्त हुने सबै प्रकारका रकम जम्मा गर्न संचित कोषको रुपमा बैंकमा एक खाता, पूँजिगत तर्फका विभिन्न उपशिर्षकको भुक्तानीको लागि १ र चालु तर्फका विभिन्न उपशिर्षकको भुक्तानीको लागि १ बैंक खाता खोली लेखा संचालन गर्ने व्यवस्था अनुरुप कार्यालयले संचित कोष चालु तथा पूँजिगत तर्फको खर्च भुक्तानी दिन बैंकमा खाता खोलेकोमा बैंक खाता बमोजिमको बैंक नगदी किताब राखेको छैन । बैंक खाता बमोजिमको बैंक नगदी किताब नराखिएकोले बैंकबाट नियमित स्टेटमेन्ट प्राप्त गरी भिडान नगरिएकोले पूँजिगत तथा चालु खाताको हिसाव सही छ, भनी | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | यकिन हुन सक्ने अवस्था भएन । बैंकमा प्राप्त सबै रकम आम्दानी बाँधिएको र भुक्तानीको लागि जारी गरिएका सबै चेक सटही भए नभएको यकिन गर्न बैंक खाता बमोजिमको बैंक नगदी किताब खडा गरी बैंक स्टेटमेन्टसंग भिडान हुने व्यवस्था हुनु पर्दछ । | |
| | **समष्टिगत व्यहोराहरु** | |
| ४. | **वजेट पेश गर्ने तथा पारित गर्ने** : स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय , चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले आर्थिक बर्ष २०७४।०७५ को आय व्यय अनुमान २०७५ असोज ३० मा मात्र पारित गरेको छ भने आय व्यय पेश गरेको मिति उल्लेख छैन । ऐनमा तोकिए बमोजिमको समयमा बजेट पेश गरी पारित हुनु पर्दछ । | |
| ५. | **खर्च गर्ने अख्तियारी र कार्यविधिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था भएकोमा अध्यक्षले प्रमुख प्रशासकीय अधिकारीलाई अख्तियारी दिएको पाईएन । यस सम्बन्धमा आर्थिक बर्ष २०७५।०७६ मा सुधार भएको कार्यालयले जनाएको छ । | |
| ६. | **आन्तरीक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्यमा मितव्ययीता, प्रभावकारिता, नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको पाईएन । साथै प्रचलित कानूनमा व्यवस्था भएका आन्तरिक नियन्त्रण संग सम्बन्धित निम्न व्यवस्था समेत कार्यान्वयन भएको पाईएन । आन्तरिक नियन्त्रण प्रभावकारी नहुँदा श्रोत साधनको दुरुपयोग हुन सक्ने तथा मितव्ययी रुपले खर्च नहुन सक्ने भएकोले प्रचलित कानूनमा व्यवस्था भएका आन्तरिक नियन्त्रणसंग सम्बन्धित प्रावधान लागु गरी कार्यालयको कामको प्रकृति बमोजिम थप आन्तरिक नियन्त्रणको व्यवस्था लागु गर्नुपर्दछ ।<br>• आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम सवारी साधन तथा मेसिनरी औजारको मर्मत अभिलेख राख्ने ,<br>• आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ बमोजिम विलभर्पाईमा कार्यालय प्रमुखले प्रमाणित गरी "भुक्तानी भएको" जनाउने छाप लगाउनु पर्ने ,<br>• जिन्सी खाता कार्यालय प्रमुख वा तोकेको व्यक्तिबाट प्रमाणित गर्ने ,<br>• भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कर्मचारी तथा पदाधिकारीको भ्रमणको अभिलेख राख्ने ,<br>• बैठकको माईन्यूटमा समय उल्लेख गर्ने ,<br>• नापी किताबमा नापी गरेको मिति, ठेक्का विलमा विल तयार गरेको मिति उल्लेख गर्ने<br>• सवारी साधनमा भएको इन्धन खपतको लगबुक राख्ने ,<br>• बिषयगत शाखाबाट सम्पादन भएका कार्यहरु सम्बन्धित वडाबाट सिफारिस हुनु पर्ने ,<br>• उपभोक्ता समिति मार्फत काम गराउदाँ सार्वजनिक खरिद ऐन,२०६३ र नियमावली,२०६४ मा उल्लेख गरिएको प्रकृया अवलम्बन गरी योजनालाई आवश्यक पर्ने | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | निर्माण सामग्री तथा सेवा खरिद गर्ने र सामग्रीको रकम भूक्तानी गर्दा सम्बन्धित फर्मको नाममा एसी पेइ चेकबाट मात्र गर्नु पर्दछ । | |
| ७. | **आन्तरिक श्रोत अनुमान :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय , राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान,ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था अनुरुप समिति गठन भई यस बर्ष रु.६,००,०००.०० आन्तरिक आय प्रक्षेपण गरेकोमा रु.१,८३,९२६.०० मात्र आन्तरिक आम्दानी भएको छ । जुन प्रक्षेपित रकमको ३०.६५ प्रतिशत मात्र रहेको छ । आन्तरिक आय प्रक्षेपण वास्तविकतामा आधारित हुनु पर्दछ । | |
| ८. | **स्थानीय तथ्याङ्क र अभिलेख :** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्याङ्क संकलन,अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले स्थानीय तथ्याङ्क सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको पाइएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप संचालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्य अगाडि वढाउन आवश्यक छ । तथ्याङ्क वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाउँपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| ९. | **लक्ष्य प्रगतिको स्थिति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । गाँउपरिषदबाट पारित भएको योजना तथा कार्यक्रमको विवरण अनुसार गाउँपालिकाले यस बर्ष गाउँपालिका स्तरमा ३८ योजना तथा कार्यक्रम र वडा स्तरमा १५९ योजना तथा कार्यक्रमको लागि रु. १३९६६6000।00 बजेट पारित गरी बजेट खर्च गरेको तथा सशर्त तथा हस्तान्तरित कार्यक्रममा समेत रु. २१३२५९२९०.४७ खर्च गरेकोमा नियममा व्यवस्था भए अनुसार चौमासिक तथा बार्षिक प्रगति विवरण तयार गरेको पाईएन । योजना तथा कार्यक्रममा विनियोजन भएको बजेट खर्च भए नभएको र खर्च भएको रकमबाट तोकिए बमोजिको उपलब्धी हासिल भए नभएको सम्बन्धमा समिक्षा गर्न चौमासिक तथा बार्षिक लक्ष्य तोकी खर्च गर्ने र सो अनुसार प्रगति विवरण तयार गरी समिक्षा गर्ने व्यवस्था हुनु पर्दछ । | |
| १०. | **खर्चका रकमहरुको बर्गिकरण :** सरकारी निकायमा हुने खर्चको प्रकृति अनुसार बर्गिकरण गरी खर्च प्रचिलित विश्वव्यापि सिद्धान्त अनुसार नेपाल सरकारले चालु तथा पूँजिगत तर्फ हुने खर्चलाई खर्च शिर्षकका बर्गिकरण गर्ने गरेको छ । नगरपालिकाले नेपाल सरकार बाट प्राप्त समानिकरण अनुदान तथा आन्तरिक आय तर्फको रकमलाई चालु तथा पूँजिगतमा वर्गिकरण गरेकोमा चालु तर्फ छुटयाईको रकमलाई तलब भत्ता लगायतमा बर्गिकरण गरेको भए पनि पूँजिगत तर्फ खर्च भएको रकम रु १०,००,१४,१३३.९७ को योजना तथा कार्यक्रमको आधारमा मात्र लेखा राखेको पाईयो । नियममा व्यवस्था भए बमोजिम पूँजिगत तर्फको समेत खर्च शिर्षक अनुसार बर्गिकरण गरी लेखा राख्नु पर्दछ । | |
| ११. | **अत्यधिक प्रशासनिक खर्च :** गाउँपालिकालाई प्राप्त समानिकरण निशर्त अनुदान तथा गाउँपालिकाको आन्तरिक बजेटबाट गाउँपालिकाको प्रशासनिक खर्च तथा विकास निर्माण तथा विभिन्न कार्यक्रममा खर्च गर्ने गरेको छ । यस बर्ष समानिकरण तर्फ रु.१३,९६,६६,०००.०० गत बर्षको बचत रु.६४,१३,३४२.०० र आन्तरिक आय रु.१,८३,९२६.०० समेत जम्मा रु.१४,६२,६३,२६८.०० मध्ये प्रशासनिक खर्च तर्फ २३.८७ प्रतिशत अर्थात रु.३,४९,१६,५००.०० विनियोजन गरेको छ । | |
| ११.१. | प्रशासनिक खर्च मध्ये कार्यालय संचालनमा रु १४,७५,५९२.०० वडा कार्यालय संचालन मा रु. ५६,४९,६४०.०० मर्मतमा रु १,७९,२२९.०० संचारमा रु १,८५,०००.०० अनुगमन मूल्यांकनमा रु २०,४८,४५५.०० भ्रमण खर्चमा रु.१,२८,१००.०० र विविधमा रु. १०,६४,७००.०० खर्च गरेको छ । विकास तर्फको बजेटबाट ४ प्रतिशत कन्टेन्जेन्सी कट्टी गरी प्रशासनिक कार्यमा खर्च गरिएको र सशर्त तथा हस्तान्तरित कार्यक्रमबाट भएको प्रशासनिक खर्चको एकिकृत विवरण | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | तयार नगरेकोले कुल प्रशासनिक खर्च खुल्ने अवस्था छैन । प्रशासनिक खर्च विनियोजन कार्यलयमा हुने काम र सोको आधारमा खरिद गर्नु पर्ने सामग्रीको सम्बन्धमा कुनै आधार लिएको देखिएन । कार्यालयमा खरिद गरिएका सामानको एउटै जिन्सी खाता नराखी वडा अनुसार जिन्सी खाता राखिएको, विषयगत शाखाको लागि खरिद गरिएका सामानको मूल जिन्सीमा अभिलेख नराखिएकोले र गाउँपालिकाबाट खरिद गरिएका कतिपय जिन्सी सामान जिन्सी खातामा आम्दानी बाँध्न छुट भएकोले सामानको खरिद परिमाण र उपयोग सम्बन्धमा विश्लेषण गर्ने अवस्था छैन । कार्यालयमा सम्पूर्ण कर्मचारीको दरबन्दी समेत पूर्ति नभएको अवस्थामा कार्यालय संचालन, अनुगमन मूल्यांकन, विविध लगायतको खर्च मितव्ययी देखिदैन । कार्यालयले यस बर्ष सम्पूर्ण बजेट शिर्षक (कन्टिन्जेन्सी समेत) बाट खरिद गरिएका जिन्सी सामान, अनुगमन तथा विविध खर्चको विवरण तयार विश्लेषण र मूल्यांकन गर्ने र सोही आधारमा मितव्ययिता कायम गर्ने गरी आगामी बर्ष बजेट तर्जुमा गर्नुपर्ने देखिन्छ । | |
| ११.२. | **वडा कार्यालय अनुदान :** सरकारी निकायमा हुने खर्चको प्रकृति अनुसार बर्गिकरण गर्ने प्रचलित विश्वव्यापी सिद्धान्त अनुसार नेपाल सरकारले चालु तथा पूँजिगत तर्फ हुने खर्चलाई खर्च शिर्षकका बर्गिकरण गर्ने गरेको छ । गाउँपालिकाले नेपाल सरकारबाट प्राप्त समानिकरण अनुदान तथा आन्तरिक आय तर्फको रकमलाई चालु तथा पूँजिगतमा बर्गिकरण गरेकोमा चालु तर्फ छुट्याईएको रकमलाई तलब, भत्ता, कार्यालय संचालन लगायतका खर्च शिर्षकमा बर्गिकरण वेगर गाउँपालिका अन्तर्गतका ६ वडा सञ्चालनको लागि रु ५६,४९,६४०।०० वडालाई उपलब्ध गराएको छ । वडालाई प्रदान गरेको रकम खर्च शिर्षकमा विभाजन नै नगरी एकमुष्ठ भुक्तानी दिएकोमा वडाले आवश्यकता अनुसार विभिन्न शिर्षकमा खर्च गरी पेश्की फछ्र्यौट गरेको छ । गाउँसभाबाट वडाको शिर्षकगत बजेट पारित नगराई सञ्चालन खर्च भनी खर्च गर्ने परिपाटीमा सुधार हुनुपर्दछ । वडाको नाममा रहेका वैंक खाताहरु संघिय सरकारको निर्देशनानुसार बन्द गरी सो खातामा रहेको रकम सञ्चित कोष खातामा दाखिला गर्नु पर्दछ । | |
| १२. | **अनुगमन खर्च** :स्थानीय सरकार संचालन ऐन, २०७४ मा स्थानीय निकायमा संचालित योजना अनुगमन गर्न उपाध्यक्षको अध्यक्षतामा समिति गठन गर्ने व्यवस्था छ । गाउँपालिकाले यस बर्ष अनुगमन तथा मूल्यांकनमा रु. २०,४८,४५५(कन्टेन्जेन्सी,वडा कार्यालय, सशर्त र हस्तान्तरित कार्यक्रम बाहेक) खर्च गरेको छ । अनुगमन वापत बजेट भुक्तानी भएको भए पनि अनुगमन प्रतिवेदन पेश गरेको पाईएन । पदाधिकारीलाई मासिक अनुगमन भत्ता दिने व्यवस्था भएको र योजना कार्यान्वयन गर्ने जिम्मेवारी पाएका प्राविधिक, खर्च लेख्ने कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका कर्मचारी अनुगमनमा संलग्न हुन नमिल्ने भएकोले सोही आधारमा अनुगमन बजेट विनियोजन गरी खर्च गर्ने र अनुगमनको प्रतिवेदन लिई कैफियत सुधार गरी अनुगमन खर्च मितव्ययी तथा प्रतिफलमुखी बनाउनु पर्दछ । | |
| १३. | **बर्षान्तमा बढी खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले उपलव्ध गराएको विवरण अनुसार कुल खर्च पूँजीगत रु.१० करोड १४ हजार मध्ये प्रथम चौमासिकमा कुनै खर्च हुन नसकेको , दोश्रो चौमासिकमा रु.१ करोड १० लाख ५३ हजार अर्थात ११.०५ प्रतिशत र तेश्रो चौमासिकमा ८ करोड ९९ लाख ६० हजार अर्थात ८८.९५ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढमा ५ करोड २ लाख ६६ हजार अर्थात ५०.२५ प्रतिशत खर्च गरेको छ । तेस्रो चौमासिक तथा असारमा खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । बर्षान्तमा हतारमा काम गर्दा व्यवस्थापनमा कठिनाई भई गुणस्तरमा असर पर्ने भएकोले योजना संझौता गर्ने कार्य प्रथम चौमासिकमा सम्पन्न गरी सन्तुलित रुपले कार्यसम्पादन हुनु पर्दछ । | |
| १४. | **सम्पत्ति हस्तान्तरण तथा व्यवस्थापन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यस गाउँपालिकामा पर्ने साविक गाउँ विकास समितिमा रहेका चल अचलसम्पत्ति हस्तान्तरण भएको पाईएन । त्यस्तै कार्यालयले खरिद गरेका र विषयगत शाखामा रहेका सामानको जिन्सी खाता समेत छुट्टा छुट्टै राखेको पाईयो । विषयगत शाखाहरुमा रहेका सामानको अभिलेख गाउँपालिकामा नराखिएमा सामान हराउने,चोरी हुने र दुरुपयोग हुने भएकोले सबै बिषयगत कार्यालयमा रहेका सामानको अभिलेख गाउँपालिका कार्यालयमा राख्ने र विषयगत शाखा तथा वडामा सहायक खाता राख्ने व्यवस्था हुनु पर्दछ । | |
| १५. | **कर्मचारी व्यवस्था :** निजामती सेवा ऐन, २०४९ बमोजिम कर्मचारी पदपूर्ति व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकामा रहने कर्मचारी दरवन्दीको विवरण कार्यालयसंग रहेको पाइएन । स्वीकृत दरवन्दी विवरण नरहेको अवस्थामा कर्मचारी आवश्यक भनि करारमा राखी कार्य संचालन गरिएको छ । स्वीकृत दरबन्दी अनुसारको दरवन्दीमा करार गरे नगरेको यकिन गर्न सकिएन साथै कार्यालयले दरवन्दी र पदपूर्ति यकिन गरी स्वीकृत दरबन्दी पूर्ति हुनु पर्दछ । | |
| १५.१. | **सेवा करार -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५(१) मा कार्यालय सुरक्षा, चिठ्ठीपत्र ओसार पसार, सरसफाई, टेलिफोन, विद्युत र धारा सञ्चालन र रेखदेख लगायतका सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न अत्यावश्यक पर्ने सेवा करार लिनुपर्दा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसंग करार गरी त्यस्तो सेवा करारमा लिन सक्ने व्यवस्था छ । त्यस्तै नियम ३ मा एक लाख रुपैयाँ भन्दा बढी शुल्क लाग्ने सेवाको करार गर्नुपर्दा काठमाडौं उपत्यकाका कार्यालयहरु एवं केन्द्रीय स्तरका निकायले पन्ध्र दिनको सूचना राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशन गरी प्रक्रिया बमोजिम करार सेवा लिनुपर्ने व्यवस्था छ । गाउँपालिकाले कार्यालय संचालनको लागि साविक गाँउ विकास समितिमा कार्यरत तथा नयाँ करार संझौता समेत गरी १३ जना करारमा कार्यरत भएको पाइयो । साविक गाउँ विकास समितिमा काम काज गरी आएका कर्मचारीलाई निरन्तरता दिने निर्णय गरी तलब भुक्तानी दिएकोमा करार संझौता समेत गरेको पाईएन । नियममा व्यवस्था भए बमोजिम सूचना प्रकाशन गरी प्रतिस्पर्धाबाट करार संझौता गरी सेवा लिनु पर्दछ । | |
| १५.२. | गाउँकार्यपालिकाको कार्यालयले कार्यालयको अध्यक्ष र उपाध्यक्षलाई सवारी साधनको रुपमा मोटरसाइकल उपलब्ध गराएको छ । पहाडी कच्ची सडकमा दक्ष चालकले मात्र सवारी चलाउन सक्ने अवस्था रहेको तथा कार्यालयमा सवारी चालक दरवन्दी नरहेको भनि ३ मोटरसाइकल चालकको रुपमा मासिक रु १६०००।०० भुक्तानी गर्ने गरी कार्यालय सहयोगी करारमा नियूक्ति गरेको छ । कार्यालय सहयोगिको स्वीकृत दरवन्दी नरहेको र कार्यालयलाई आवश्यक रहेको जनशक्ति सम्वन्धमा पद स्वीकृत गराई नियूक्ति नगरी भुक्तानी गरेको अनियमित देखिएको रु | ५,७६,००० |
| १६. | **योजनाको मूल लागत अनुमान तथा अभिलेख :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र छिटो प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । गाउँपालिकाले यस बर्ष सडक, सिर्चाइ, खानेपानी, भवन निर्माण र मर्मतका १३३ योजनाको लागि रु ७४१७९७००.०० विनियोजन गरेकोमा ऋमागत योजनाको मूल लागत अनुमान तयार नगरी बार्षिक रुपमा छुट्याईएको बजेटलाई लागत मानी बजेट खर्च गरेको छ । एकै बर्षमा सम्पन्न नहुने सडक, सिंचाई, खानेपानी, भवन निर्माण,विद्युत जस्ता योजनामा प्रत्येक बर्ष भएको खर्च देखिने अभिलेख नभएको कारण कुल लागत तथा खर्च खुल्ने अवस्था छैन । एक आर्थिक बर्ष भित्र सम्पन्न नहुने योजनामा भएको बार्षिक खर्च देखिने अभिलेख राखी योजना कार्यान्वयन हुनु पर्दछ । | |
| १७. | **राजश्व अभिलेख :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । गाउँपालिकाले यस बर्ष रु.१,८३,९२६.०० राजस्व प्राप्त गरेको छ । राजस्व सम्बन्धमा देखिएको व्यहोरा देहाय बमोजिम छ । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | गाउँपालिकाको आयको श्रोतको रुपमा मालपोत दस्तुर, सिफारिश दस्तुर, तथा नविकरण आदि रहेको छ । उल्लिखित कार्यहरु वडाबाट हुने भएकोले राजस्व उठाउने जिम्मेवारी वडा कार्यालयमा रहेको छ । वडा कार्यालयले संकलन गरेको राजस्वको मासिक तथा बार्षिक विवरण, राजस्वका शिर्षक, श्रोत आदि खुलेको विवरण तयार गरी गाउँपालिकामा पठाउने नगरी संचित कोषमा रकम मात्र जम्मा गरिदिने र कार्यालयले सोही रकमलाई आधार मानी आम्दानी बाँध्ने गरेकोले  राजस्वको स्रोत खुलेको छैन । त्यस्तै वडा तथा गाउँपालिकाको कार्यालयमा राजस्व रसिद नियन्त्रण खाता, दैनिक प्रविष्टि खाता तथा बैंक खाता आदि नराखिएकोले खुद राजस्व रकम यकिन हुन सकेन ।  गाउँपालिकाले यस बर्ष १,८३,९२६.०० मात्र राजस्व आम्दानी गरेको देखिएको छ । वडाको सर्म्पूण आम्दानी संचित कोषमा दाखिला भए नभएको सम्बन्धमा यकिन गरिनु पर्दछ । | |
| १८. | **सेवा प्रवाह :** गाँउपालिकाले नागरिकता, घरबाटो सिफारिस, नाता प्रमाणित, जन्म,मृत्युको प्रमाणपत्र दिने लगायतका सेवा प्रदान प्रदान गर्ने व्यवस्था छ । कार्यालयले यस बर्ष सम्पादन गरेका उल्लेखित कार्यहरुको वडाबाट विवरण प्राप्त गरी बार्षिक प्रतिवेदन तयार गरेको पाईएन । लेखापरीक्षणको क्रममा माग गरिएको विवरण अनुसार १२३५ नागरिकता सिफारिस गरेको, ५० नाता प्रमाणित प्रमाणित गरेको र २११ अन्य विविध सिफारिस गरेको विवरण पेश गरेको छ । कार्यालको कामलाई पारदर्शी बनाउन तथा सरोकारवालालाई जानकारी दिन वडा तथा गाँउपालिकाबाट सम्पादन भएका सेवा प्रवाहको एकिकृत प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने व्यवस्था हुनु पर्दछ । | |
| १९. | **सम्पत्ति हस्तान्तरण तथा व्यवस्थापन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा  ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यस गाउँपालिकामा अर्न्तगत ८ स्वास्थ्य केन्द्र, १ पशु उप सेवा केन्द्र रहेको भए पनि सम्पत्ति हस्तान्तरण भएको पाईएन । त्यस्तै कार्यालयले खरिद गरेका र विषयगत कार्यालयमा रहेका सामानको जिन्सी खाता समेत छुट्टा छुट्टै राखेको पाईयो । विषयगत शाखाहरुमा रहेका सामानको अभिलेख गाउँपालिकामा नराखिएमा सामान हराउने,चोरी हुने र दुरुपयोग हुने भएकोले सबै बिषयगत शाखामा रहेका समानको अभिलेख गाउँपालिका कार्यालयमा राख्ने र विषयगत शाखामा सहायक खाता राख्ने व्यवस्था हुनु पर्दछ । | |
| २०. | **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाउँपालिकामा समाहित भएका साविकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले गाउँपालिकाले उक्त व्यवस्थाको कार्यान्वियन गर्नुपर्दछ । | |
| २१. | **स्रोत नक्सांकन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाउँपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन । ऐनमा व्यवस्था भए बमोजिम श्रोत नक्सांङ्कन तयार गर्नु पर्दछ । | |
| २१.१. | वराह पोखरी गाउँपालिकाको वस्तुगत विवरण तयारीको लागि  कार्यालयले विभिन्न फर्म संग दरभाउपत्र माग गरेकोमा न्यून कबोलकर्ता सामाजिक तथा विकास रुपान्तरण नेपाल,शंखमुललाई २०७५।१।७ मा संझौता गरी कार्यादेश दिएको छ । निजले पेश गरेको अध्ययन प्रस्तावमा बैशाख मसान्त सम्ममा प्रथम मस्यौदा तयार गरी गाउँपालिका समक्ष प्रस्तुत गर्ने  तथा जेष्ठ पहिलो हप्ताभित्र अन्तिम प्रतिवेदन गाउँपालिका समक्ष पेश गर्ने उल्लेख छ । भूमिसुधार तथा व्यवस्थापन | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | मन्त्रालय अन्तरगतको ,राष्ट्रिय भू उपयोग आयोजनासंग वस्तुगत विवरण तयारीमा समन्वय नगरेको तथा गाउँपालिकाको वस्तुगत विवरण तयार गर्न कस्तो जनशक्तिको आवश्यकता पर्ने हो सो को माग समेत गरेको छैन । गाउँपालिकाले सो प्रतिवेदनलाई आधारको रुपमा लिई आ.ब २०७५।७६ को बजेट तथा कार्यक्रम तयार समेत गरेको नदेखिँदा सो प्रतिवेदनको गाउँपालिकाको लागि अतिरिक्त व्ययभारको रुपमामात्र रहेको छ । प्रतिवेदन तयारीको काम सम्पन्न भएको जनाई संझौतानुसारको रु ४९८३३०।०० भुक्तानी गरेकोमा अध्ययन प्रस्ताव बमोजिम प्रतिवेदनहरु गाउँपालिकामा छलफल गरेको ,संझौतानुसारको हार्डकपी र इलेक्ट्रोनिक कपी बुझाएको र कार्यालयको जिन्सी खातामा आम्दानी जनाएको देखिदैन । प्रतिवेदनमा प्रयोग गरिएको तथ्यांकको स्रोत नखुलाएको तथा विद्यालय,शिक्षित जनसंख्या,कुल जनसंख्या जस्ता तालिकाका तथ्यांकहरु एक आपसमानै अन्तरविरोधको रुपमा रहेका तथ्यांक सहितको प्रतिवेदन पेश गरेको,प्रतिवेदनमा अध्ययनकर्ता संस्थाले प्रतिवेदनमा सहिछाप समेत नगरेको तथा अध्ययन प्रस्ताव अनुसारको काम पुरानै नगरेको अवस्थामा काम सम्पन्न भएको जनाई भुक्तानी दिएको अनियमित देखिएको रु | ४९८३३० |
| २२. | **स्पेसिफिकेशन, योजना,नक्सा,डिजाइन :** सार्वजनिक खरिद ऐन,२०६४ को दफा ४(१) वमोजिम सार्वजनिक निकायले मालसामान,निर्माण कार्य वा सेवा खरिद गर्नु अघि त्यस सम्वन्धी स्पेसिफिकेशन, योजना,नक्सा,डिजाइन,विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष रु.६००० देखि रु. ५१५००००.०० सम्मका विभिन्न निर्माण कार्य उपभोक्ता समतिबाट गरेकोमा निर्माण कार्यको लागि नक्सा, डिजाइन, तयार भएको छैन । गाउँपालिकावाट स्वीकृत वजेटलाई नै लागत अनुमान मानी खर्च लेख्ने गरेको देखियो । कुनै नक्सा, डिजाइन वेगर निर्माण कार्य गर्दा योजनाको दिगोपना र गुणस्तरमा समेत असर पर्ने देखिन्छ । योजना छनौट तथा कार्यान्वयन गर्दा संभाव्यता अध्ययन स्पेसिफिकेशन नक्सा, डिजाइन तयारी लगायतका कार्य गरी वातावरणलाई कम क्षति पुग्ने किसिम बाट कार्य गर्नु पर्दछ । | |
| २३. | **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली,२०७४ को नियम ९७ मा उपभोक्ता समितिवाट कार्य गराउने कार्यविधि उल्लेख छ । सो नियममा भएका देहायका व्यवस्था गाउँपालिकाले पालना गरेको पाइन ।<br>• नियम ९७ (१२) निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने ।<br>• नियम ९७(६) उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने ।<br>• नियम ९७(७) उपभोक्ता समिति वा लाभग्राही समुदायले आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नु पर्ने ।<br>• नियम ९७ (९) उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर विटुमिन डिस्ट्रीव्युटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशीनहरू प्रयोग गर्न नसकिने ।<br>• नियम ९७ (११) उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरी सकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण सो निकायमा पेश गर्नु पर्ने र सम्बन्धित सार्वजनिक निकायले त्यसरी प्राप्त भएको विवरणको अभिलेख राख्नु पर्ने ।<br>उपभोक्ता समितिद्वारा गरिने निर्माण कार्यलाई व्यवस्थित तथा पारिदर्शी बनाउन नियमावलीमा | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | भएका उल्लेखित प्रावधान लागु हुनु पर्दछ । | |
| २४. | **खरिद व्यवस्थापन :** सार्वजनिक नियमावली,२०६४ को नियम ३ वमोजिम सार्वजनिक निकायले कुनै खरिद कारवाहीको तयारी गर्दा खरिद अवश्यकताको पहिचान माग संकलन गर्ने, खरिद सम्वन्धी विभिन्न प्राविधिक कुरा समाधान गर्न र आपूर्तिकर्ताको उपलव्धता एकीन गर्न वजारमा प्रचलित खरिद संम्झौताको जानकारी लिने, अघिल्ला वर्षहरुमा समान प्रकृतिको मालसामान, निर्माण कार्य वा परामर्श सेवा वा अन्य सेवा खरिद गरिएको भए त्यस्तो खरिद प्रक्रियाको अध्ययन गर्ने, खरिदको विवरण तयार, परिमाण र क्षेत्र एकीन गर्ने, खरिदलाई वढी सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने, खरिद योजना तयार गर्न लगाउने, खरिद योजना तयार गर्ने, खरिदको लागत अनुमान तयार गर्ने , खरिदको आर्थिक स्रोत र रकम पहिचान गर्ने, खरिद विधि छनौट गर्ने व्यवस्था छ । यस सम्न्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन :<br>कार्यालयको दैनिक प्रशासन संचालनको लागि मसलन्द, छपाई, विविध प्रकारका सामाग्री खरिद को लागि कार्यालय संचालनमा रु ३५६०५९२।०० लाख वडा कार्यालय संचालनमा रु ५६४९६००.०० विनियोजन गरिएको छ । त्यस्तै महिला तथा बालवालिका कार्यक्रम तर्फ रु २२६०००.००, पशु पंक्षि विकासमा रु १४७९६१०.०० र स्वास्थ्य तर्फ रु ३४२५०००.०० विनियोजन गरिएको भए पनि सोको खरिदको लागि माग संकलन, लागत अनुमान तयारी, सामानको प्रकृति अनुसार समुह विभाजन र प्रत्येक समुहको रकमको परिमाण अनुसार खरिद विधि छनौट गरी खरिद गरेको पाईएन । कार्यालयमा प्रयोग हुने कतिपय सामान गाउँपालिकाबाट खरिद गरेको भए पनि धेरै सामान वडा तथा विषयगत शाखाबाट खरिद गरी कर्मचारीले सोधभर्ना माग गरेको तथा कतिपय सामान पेश्की बाट खरिद गरेको देखियो । त्यस्तै शिक्षा, कृषि, पशु, सामाजिक विकासको लागि छुटयाईएको अधिकांश बजेट सम्बन्धित शाखाका कर्मचारीले सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली, २०६४ को पालना नगरी पेश्कीबाट खर्च गरेको पाइयो ।<br>कर्मचारीले आफुलाई आवश्यक सामान आफै खरिद गर्ने, विषयगत कुनै क्षेत्र विशेषको लागि छुट्याईएको बजेट विषयगत शाखाका कर्मचारीले खरीद गरी खर्च वा वितरण गर्ने गरेको देखिएकोले समग्र खरिद प्रणाली कार्यालयको व्यवस्थापनको नियन्त्रण भन्दा बाहिर रहेको देखियो । सामान प्रयोग गर्ने वा सेवाग्राहीलाई सामान वितरण गर्ने जिम्मा पाएको व्यक्तिले आफैं कार्यक्रम तयार गर्ने आफै पेश्की लिने वा मालसामान खरिद गरी सोधभर्ना लिँदा आन्तरिक नियन्त्रणको अभावमा बजार मूल्य भन्दा बढीमा बस्तु वा सेवा प्राप्त भएको हुन सक्ने भएकोले बस्तु वा सेवा खरिद गर्दा सार्वजनिक खरिद नियमावली,२०६४ को प्रावधान अनुसार माग संकलन गर्ने, सामानको प्रकृतिको आधारमा समुह विभाजन गरी रकमको परिमाण अनुसार सोझै, दरभाउपत्र, सिलबन्दी दरभाउपत्र, बोलपत्र लगायतका उपयुक्त खरिद विधि छनौट गर्ने, बिक्रेतालाई सोझै भुक्तानी गर्ने, लगायतका प्रक्रिया अवलम्बन गरी खरिद प्रणालीलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ । | |
| २५. | **जिन्सी व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ५० वमोजिम कार्यालयमा कुनै प्रकारवाट प्राप्त भएका जिन्सी सामानको लगत खडा गरी राखिएको जिन्सी मालसामान के कस्तो अवस्थामा छन् कार्यलय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैंले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारीवाहेक अन्य कर्मचारील वा प्राविधिकद्धारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लेखी वा लिई राख्ने व्यवस्था गर्नुपर्ने छ । गाउँपालिका कार्यालयले जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरेको देखिएन । विषयगत कार्यालय तथा वडामा रहेका समानको मूल जिन्सी खातामा अभिलेख राखेको देखिएन । गाउँपालिका वडा तथा विषयगत शाखामा रहेका सामानको मूल जिन्सी खातामा अभिलेख राखी विषयगत शाखामा सहायक जिन्सी खाता राख्नु पर्दछ र नियमानुसार जिन्सी निरीक्षण गर्नु पर्दछ । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| २६. | **विना प्रतिस्पर्धा खरिदः** सार्वजनिक खरीद ऐन,२०६३ को दफा ८(२) मा खरीद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा खरीद गर्न नमिल्ले साथै नियम ८४ मा रू.५ लाखदेखि २० लाख लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्र द्वारा खरीद गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले कार्यालय संचालनको रु ३५६०५९२।०० वडा कार्यालय संचालनमा रु ५६४९६००।०० गत बर्षको बजेटबाट पूँजिगत सामान खरिदमा रु५९३४३३८।०० खर्च गरेकोमा खरिद योजना तथा लागत अनुमान तयार गरी प्रतिस्पर्धाबाट खरिद गरेको पाईएन । लेखापरीक्षणको क्रममा नमुना छनौटमा परेका भौचर अनुसार सोझै खरिदका केही उदाहरण देहायबमोजिम छन् । | |

| भौ.न र मिति | फर्मको नाम | सामानको विवरण | रकम |
|---|---|---|---|
| १९/०७४/८/२२ | यशोदा स्टेशनरी एण्ड जनरल सप्लायर्स | कार्यालय सामान | ३६३७७४.०० |
| १३१/०७५/२/१७ | सुसेली सप्लायर्स | ,, | ४३४९५४.०० |
| १३३/०७५/२/१७ | सुसेली सप्लायर्स | ,, | ७५४३८.०० |
| २०६/०७५/३/२६ | सुसेली सप्लायर्स | ,, | ६९६६४.५० |
| २०६/०७५/३/२६ | सुसेली सप्लायर्स | फर्निचर | १०३९६०.०० |
| १३/०७५/२/१७ | सुसेली सप्लायर्स | फर्निचर | ४९९४६०.०० |
| १०/०७५/२/१७ | सुसेली सप्लायर्स | फर्निचर | ३००१२८.०० |
| १३४/०७५/२/१७ | त्रिवेणी सप्लायर्स एण्ड ट्रेडर्स | फर्निचर | ४९३१०९.०० |
| ५/०७५/२/१५ | सति कम्प्यूटर्स | कम्प्यूटर,पिन्टर | ४८९५१६.०० |
| ९/०७५/२/१५ | आचार्य फोटोकपी | कम्प्यूटर,पिन्टर | २९४७०४.०० |
| ७/०७५/२/१५ | नारायणी इन्फोसिस प्रा.लि खिचापोखरी | सोलार सेट | ४४२४७७.०० |
| ३/०७५/३/१५ LGCDP | एस.पि ट्रेड एण्ड सप्लायर्स | सोलार सेट | २९९९६८.०० |

परल मूल्य भन्दाबढी भुक्तानी हुन नदिन लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक रुपमा खरिद गर्नु पर्दछ ।

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| २७. | **मुल्य अभिवृद्धि कर** : मूल्य अभिवृद्धि कर नियमावली,२०५३ को दफा ६क मा सरकारी निकाय,सार्वजनिक संघ संस्था वा दर्ता भएको व्यक्तिले आफुले गरेको ठेक्का संझौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा दिई करको भुक्तानी सम्वन्धित ठेकदारलाई गर्नु पर्नेछ भन्ने व्यवस्था छ । यस कार्यालयलाई आवश्यक वस्तु तथा सेवा खरिद गर्दाको विल भरपाई र विभिन्न योजना कार्यान्वयनको क्रममा उपभोक्ता समिति मार्फत मूल्य अभिवृद्धिकर भुक्तानी दिएको विल भरपाई पेश गरेकोमा सोको जानकारी सम्वन्धित आन्तरिक राजश्व कार्यालयलाई गराएको नपाइएकोले मूल्य अभिवृद्धिकर समायोजनको प्रमाण पेश गर्नुपर्ने रु | १७८००२.२५ |

| सि.न | भौ.न र मिति | फर्मको नाम | भुक्तानी रकम | मू.अ कर रकम |
|---|---|---|---|---|
| १ | १९/०७४/८/२२ | यशोदा स्टेशनरी एण्ड जनरल सप्लायर्स | ३६३७७४.०० | ४१८५०.१० |
| २ | १३१/०७५/२/१७ | सुसेली सप्लायर्स | ४३४९५४.०० | ५००३८.९५ |
| ३ | १३३/०७५/२/१७ | सुसेली सप्लायर्स | ७५४३८.०० | ८६७८.७० |
| ४ | २०६/०७५/३/२६ | सुसेली सप्लायर्स | ६९६६४.५० | ८०१४.५० |
| ५ | २०६/०७५/३/२६ | सुसेली सप्लायर्स | १०३९६०.०० | ११९६०.०० |
| ६ | १३/०७५/२/१७ | सुसेली सप्लायर्स | ४९९४६०.०० | ५७४६०.०० |
| | | **जम्मा** | **१५४७२५०.५** | **१७८००२.२५** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| २७.१. | उपभोक्ता मार्फत भुक्तानी गरेको मूल्य अभिवृद्धि करको जानकारी दिने व्यवस्था भएको समेत पाइएन । जसका केहि उदाहरण देहायबमोजिम छन् : | |

| सि.न | भौ.न र मिति | फर्मको नाम | भुक्तानी रकम | मू.अ कर रकम |
|---|---|---|---|---|
| १ | १३४/०७५/२/१७ | त्रिवेणी सप्लायर्स एण्ड ट्रेडर्स | ४९३१०९.०० | ५६७२९.३५ |
| २ | ३५१/०७५/३/२६ | विराटकाली विल्डर्स | २३१८७७०.०० | २६६७६१.१५ |
| ३ | १८६/०७५/२/१७ | रामेछाप आर.बि.एस कन्स्ट्रक्सन प्रा.लि | १३४६२८२.०० | १५४८८२.०० |
| ४ | ३०४/०७५/३/२० | रामेछाप आर.बि.एस कन्स्ट्रक्सन प्रा.लि | २६९९११२.०० | ३१०५१७.०० |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>५</td><td>१२५/०७५/१/२०</td><td>रामेछाप आर.बि.एस कन्स्ट्रक्सन प्रा.लि</td><td>२१२८१२९.००</td><td>२४४८२९.००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>८९८५४०२.००</td><td>१०३३७१८.५०</td></tr>
</table>
उपभोक्ताले गरेको भुक्तानीको जानकारी दिने वा दिन लगाउने दायित्व समेत कार्यालयको भएकोले यस कार्यालयबाट उपभोक्ता मार्फत भएका मूल्य अभिवृद्धि कर भुक्तानीको जानकारी आन्तरिक राजश्व कार्यालयलाई दिने व्यवस्था हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>समानीकरण पूँजीगत :</td><td></td></tr>
<tr><td>२८.</td><td>लागत अनुमान र कार्य सम्पन्न : गाउँपालिकाले सडक निर्माणको लागि लागत अनुमान तयार गर्दा जिल्ला दररेट समितिले खोटाङ जिल्लाका लागि आर्थिक वर्ष २०७४।०७५ का लागि निर्धारण गरेको दरलाई आधारमानी समितिको स्वीकृत सडक निमार्ण सम्वन्धी निर्माण सामाग्रीको दररेटको आधारमा लागत अनुमान तयार गरेको देखियो । यसरी लागत अनुमान तयार गर्दा कुल परिमाणलाई माटो तथा चट्टानको किसिमको अनुपातमा दर विश्लेषण गरी लागत अनुमान तयार भएको देखिन्छ । गाउँपालिकाले अधिकाशं सडक योजनाको सर्भे डिजाइन तयार नगरी गाउँ सभाले विनियोजन गरेको वजेटलाई नै कुल लागत अनुमान मानी खर्च गरेको पाइयो । लागत अनुमान अनुसार कार्यसम्पन्न गरेका केहि उदाहरण देहायबमोजिम रहेका छन् :</td><td></td></tr>
<tr><td></td><td>
<table>
<tr><td>योजनाको नाम</td><td>कामको विवरण</td><td>लागत अनुमान</td><td>कार्य सम्पन्न</td></tr>
<tr><td>सिंताङ तम्वुला बंसिला घाट मौवावोटे वाटो मर्मत</td><td>वाटो चौडाईको काम,ग्याविनको काम,स्टोन सोलिङ्ग</td><td>५७२२६२६.८९</td><td>५७३१७४६.३५</td></tr>
<tr><td>बराहापोखरी सिन्ताङ सडक उन्नती</td><td>वाटो निर्माण</td><td>४४४५०५७.०</td><td>४४६७०२२.५७</td></tr>
<tr><td>शंखेपाखा किम्वुखोला सडक उन्नती</td><td>सडक विस्तार</td><td>४४४९२५७.८५</td><td>४४६३७२९.०१</td></tr>
<tr><td>धाप्लाङ धर्तङ सडक स्तरोन्नती</td><td>सडक विस्तार</td><td>५५६६८७१.५४</td><td>५५९१२२९.१८</td></tr>
</table>
लागत अनुमानमा माटो र चट्टानको किसिमलाई प्रतिशतमा निर्धारण गरेकोमा वास्तविक काम प्रतिशतमा आधारित नहुने तथ्यलाई विचार नगरी बास्तविक नापजाँच समेत प्रतिशतकै आधारमा गरी नापी किताबमा चढाएको र कुन चेनेजमा कुन किसिमको माटो वा चट्टानको काम भएको हो सो प्रष्ट हुने गरी नापी किताबमा उल्लेख नगरेकोले नाप जाँच गरिएको परिमाण र रकम सही छ भन्ने अवस्था भएन । वास्तविक कामको आधारमा नापजाँच हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२९.</td><td>विद्युत लाइन विस्तार : गाउँपालिकाले विभिन्न वडामा विद्युतीकरणको लागि विभिन्न उपभोक्ता समिति मार्फत विद्युतीय सामान खरिद गरेको छ । यसरी विद्युतीकरणका लागि अवश्यक पर्ने सामाग्री खरिद गर्नु पूर्व विद्युत प्राधिकरणसँग समन्वय गरी विद्युत प्राधिकरणले विद्युत आपूर्ति गर्न सक्ने नसक्ने, विद्युतको भार वहन क्षमता सम्वन्धमा प्रत्याभूत गरेको नदेखिएकोले गाउँपालिकाले खरिद गरेका विद्युत सामाग्रीको सुरक्षामा समेत असर पर्ने देखिन्छ । यस वर्ष खरिद भएका विद्युतीय सामान खरिद सम्वन्धमा देखिएका अन्य व्यहोरा निम्नानुसार छन् :</td><td></td></tr>
<tr><td>२९.१.</td><td>वराहपोखरी गाउँपालिक वडा नं.१ विद्युत विस्तारको लागि जे.भि.जे.इन्टरप्राइजेजवाट विद्युत ट्रान्सफर्मर २५ केभिए ११ र ४ के.भि.५० (नीक) २ वटा रु.५,२२,८००।००(मू.अ.कर वाहेक) र ट्रान्सफर्मर टावर सेट २ वाट रु.३५०००।०० (मू.अ.कर वाहेक) लगायतका सामान खरिद गरेकोमा सोको गुणस्तर प्रमाणित गर्ने कागजात संलग्न भएको पाइएन ।</td><td></td></tr>
<tr><td>३०.</td><td>गाउँपालिका वृत्तचित्र निर्माण : चालु आर्थिक वर्षमा गाउँपालिकाको प्रसार प्रचार कार्यक्रम अर्न्तगत गाउँपालिकालाई चिनाउने डकुमेन्ट्री निर्माण कार्यको लागि रु.४,४२,४७८।००(भ्याट वाहेक) लागत अनुमान तयार गरेको देखियो । सो सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| ३०.१. | **लागत अनुमान :** वृत्तचित्र  तयार गर्न लाग्ने लागत अनुमान तयार गर्दा एक जना विज्ञ परामर्शदाताको रु.९५,०००।००,क्यामेरा म्यान रु.६००००.००,टेक्नेसियन रु.४०,०००.०० ,राय सुझाव संकलन छलफल अर्न्तवार्ता खाना,खाजा, विविध ९००००.०० स्थलगत खर्च २ जनाको २ पटकको रु.८२,०००.०० र प्रशासनिक खर्च आदिको लागि रु.७७,४७८।०० हुने गरी लागत अनुमान तयार गरी ३ वटा फर्मसंग प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरेको देखियो । वृत्तचित्र निर्माण गर्न प्रशासनिक खर्च ७७,४८७.००, छलफलको लागि खाना खाजा मा रु. ९००००.०० राखी लागत अनुमान तयार गरेको स्वभाविक देखिदैन । लागत अनुमान तयार गर्दा वास्तविकतामा आधारित रहि यथार्थपरक बनाउनु पर्दछ । | |
| ३०.२. | तयार भएको वृत्तचित्र हालसम्म कुनै संचार माध्यमवाट प्रसार प्रचार भएको नदेखिएकोले वृत्तचित्र निर्माणको उद्देश्य स्पष्ट भएन । यस्ता कार्य गर्दा उद्देश्य प्रष्ट गरेर मात्र खर्च गर्नु पर्दछ । | |
| ३१. | **शिक्षा सुदृढीकरण कार्यक्रम :** भौचर नं ३६४ बाट मिति २०७५।३।३१ मा गाउँपालिका शिक्षा संयोजक श्री लक्ष्मी प्रसाद पौडेललाई गाउँपालिकाको शिक्षा सुदृढीकरण गर्ने कार्यका लागि दिएको पेश्की रु.५ लाख फछ्र्यौट गरेकोमा देखिएको व्यहोरा निम्नानुसार छन्: | |
| ३१.१. | ५ विद्यालयलाई वितरण गर्नको लागि सोलार सेट सहितका सामान खरिद गरेकोमा खरिद भएका सामान विद्यालयलाई वितरण गर्ने समबन्धमा निर्णय भएको देखिएन ।  साथै खरिद भएका सामानको गुणस्तर सम्बन्धमा आधिकारीक निकायवाट प्रमाणित गरेको देखिएन । सामान खरिद गर्दा लागत अनुमान तयार गरी प्रतिष्पर्धाबाट खरिद गर्नु पर्दछ । | |
| ३१.२. | मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा ५ को उपदफा ३ मा अनुसुची  १  मा उल्लेखित वस्तु वा सेवाहरुको कारोवारमा मूल्य  अभिवृद्धि कर नलाग्ने व्यवस्था छ । अनुसुची १ को समुह ११ अन्तरगत सौर्य शक्ति उत्पादन गर्ने संयन्त्र तथा उपकरणहरुमा मूल्य  अभिवृद्धि कर नलाग्नेमा पेश्की फछ्र्यौटका लागि पेश भएको  जगदिश ईम्पेक्स उदयपुरबाट खरिद गरिएको सोलार प्यानल रु.१,७६,९९०।४७ को विलमा मुल्य अभिवृद्धि कर समेत जोडी भुक्तानी दिएकोले असूल हुनु पर्ने रु........ | २३,००९.०० |
| ३२. | **मूल्य अभिबृद्धि कर भुक्तानी :** मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा ५ को उपदफा ३ मा अनुसुची  १  मा उल्लेखित वस्तु वा सेवाहरुको कारोवारमा मूल्य  अभिवृद्धि कर नलाग्ने व्यवस्था छ । अनुसुची १ को समुह ११ अन्तरगत सौर्य शक्ति उत्पादन गर्ने संयन्त्र तथा उपकरणहरुमा मूल्य  अभिवृद्धि कर नलाग्नेमा  भौतिक पूर्वाधार शिर्षक अर्न्तगत वडाहरुको लागि दिएको पेश्की फछ्र्यौट गर्दा देहाय वमोजिम पेश्की फछ्र्यौका लागि पेश भएको  सोलार प्यानल सहितको सामान खरिद गरेकोमा मूल्य  अभिवृद्धि कर सहितको विल रकम भुक्तानी गरेको छ । मूल्य अभिवृद्धि कर नलाग्ने वस्तुमा मूल्य  अभिवृद्धिकर भुक्तानी दिएकोले असुल गर्नुपर्ने रु | ९९७३४/- |

| भौ.नं र मिति | पेश्की लिनको नाम | फर्मको नाम | भुक्तानी रकम | मूल्य अभिवृद्धि कर |
|---|---|---|---|---|
| १८/२०७५/३/२२ | ३ नं. वडा वडा सचिव श्री भीम मगर | कस्यप सप्लार्य, उदयपुर | ८४९५५.०० | ११०४५.०० |
| २०/२०७५/३/३१ | ३ नं. वडा वडा सचिव श्री हुकुम राई | पोखरेल एण्ड सप्लार्स | १०१७६६.०० | १३२३०.०० |
| १७४/०७५/२/१५ पूँजीगत | गाउँपालिकालाई आवश्यक पर्ने सामान खरिद | आर्चाय फोटोकपी एण्ड कम्प्यूटर मर्मत सेन्टर | ३१५०००.०० | ४०९५०.०० |
| ३/०७५/३/१५ LGCDP | फर्मलाई भुक्तानी | एस.पि ट्रेड एण्ड सप्लायर्स | २९९९६८.०० | ३४५०९.०० |
| जम्मा | | | | ९९७३४.०० |

| | | |
|---|---|---|
| ३३. | **दैनिक भ्रमण भत्ता :** भौचर नं. ३४२  बाट मिति २०७५।३।२५ मा गाउँपालिका स्वास्थ्य संयोजक | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>श्री गिरधारी प्रसाद शाहले विभिन्न स्थानमा स्वास्थ्य शिविर संचालन गर्न लिएको रु.५,१०,०००।०० फछ्र्यौट गर्दा फाक्टाङ स्वास्थ्य चौकी वडा नं. ४ मा जेष्ठ २८ र २९ गते २ दिन कार्यक्रम संचालन गरेको देखियो । कार्यक्रम संचालन भएको स्थान कार्यालय भएको स्थानमा नै रहेकोले भ्रमण भत्ता नियमावली,२०६४ वमोजिम दैनिक भत्ता भुक्तान गर्न नमिल्ने देखिएकोले देहायका कर्मचारीलाई दिएको दैनिक भत्ता असुल गर्नु पर्ने रु.......................
<table>
<tr><th>नाम ,थार</th><th>दिन</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>श्री गिरधारी प्रसाद शाह</td><td>२.२५</td><td>१६००.००</td><td>३६००.०</td></tr>
<tr><td>श्री शत्रुधन प्रसाद सेठ</td><td>२.२५</td><td>१६००.००</td><td>३६००.०</td></tr>
<tr><td>जम्मा :</td><td></td><td></td><td>७२००.००</td></tr>
</table></td><td>७२००.००</td></tr>
<tr><td>३४.</td><td>अवलोकन भ्रमण : भौं.न..१५८ मिति २०७५।२।२ नेपाल सरकारको खर्चका रकमको वर्गिकरण र व्याख्या अनुसार चालु प्रकृतिका खर्च चालु शिर्षकबाट गर्ने व्यवस्था छ । वराहपोखरी वडा नं.१ का कृषकलाई अवलोकन भ्रमण गराउन तथा तालिम प्रदान गर्न कार्यालयले पूँजीगत शिर्षक अर्न्तगत रु.२,४०,०००।०० विनियोजन गरी कृषक समुहलाई मिति २०७५।१।२७ देखि २०७५।२।२ सम्म नेपालका विभिन्न जिल्ला अवलोकन भ्रमणमा लैजानको लागि कृषक समुहका अध्यक्ष फडिराज तिम्सिनालाई उक्त रकम पेश्की दिइएकोमा कृषकको छनौट प्रक्रिया, संख्या, नामावली आदि संलग्न गरेको देखिएन । तालिम समेतको लागि विनियोजन भएको रकम भ्रमणमा मात्र खर्च भएको देखियो । विनियोजित बजेटको उद्देश्य पुरा हुने गरी बजेट खर्च गर्ने र पूँजीगत शिर्षकबाट अवलोकन भ्रमण गर्ने कार्य अन्त्य हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३५.</td><td>सफ्टवेयर खरिद : कार्यालयलाई आवश्यक पर्ने लेखा सफ्टवेयर रु.४,०६,८००।०० तथा जिन्सी सम्बन्धी सफ्टवेयर रु.१,९९,८९७।०० खरिद भएको देखियो । आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्दा रु.७०,०००।०० कर्मचारीलाई तालिम उपलब्ध गराउने उल्लेख भएकोमा सो अनुसार कर्मचारीलाई तालिम दिएको देखिएन । लेखा सफ्टवेयर संचालनमा रहे पनि जिन्सी सफ्टवेयर संचालन भएको देखिएन । स्थानीय तहका लागि महालेखा नियन्त्रकको कार्यालयले निशुल्क रुपमा उपलब्ध गराएको sub subnational tresury Regulatory application प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था भएकोमा सो प्रणाली प्रयोग नगरी छुट्टै प्रणाली खरिद गरेकोले कार्यालयलाई थप व्ययभार पारेको रु...</td><td>६,०६,६९७.००</td></tr>
<tr><td>३६.</td><td>सवारी साधन खरिद - सरकारी निकायले सवारी साधन तथा भारी मेशिनरी औजार खरिद गर्दा अर्थमन्त्रालयको स्वीकृति लिनु पर्ने व्यवस्था भएकोमा अर्थ मन्त्रालयको स्वीकृति वेगर समानिकरणको बजेटबाट मोटरसाइकल– ८ खरिद गरी रु.१९,७०,४०० भुक्तानी दिएको अनियमित रु..........</td><td>१९,७०,४००.००</td></tr>
<tr><td>३७.</td><td>खेल मैदान निर्माण : सामाजिक विकास मन्त्रालयबाट मौवावोटे खेलमैदान निर्माणको लागि रु १०००००।०० र आर्थिक मामिला तथा योजना मन्त्रालय बाट सोहि खेल मैदानको लागि रु ३५००००।०० प्राप्त भएको छ । २४.५ मिटर लामो ग्याविन वाल निर्माणको लागि २ वटा उपभोक्ता समिति गठन भई काम सम्पन्न भएको देखाएको छ । प्रत्येक उपभोक्ता समितिले सम्पन्न गरेको कामको परिमाण उल्लेख गरेको भएपनि स्थान सहितको परिमाण खुलाएको छैन । सो खेल मैदान निर्माणको लागि प्राप्त बजेटलाई नै आधार मानी लागत अनुमान तयार गरेकोले खेल मैदानको कुल लागत अनुमान खुलेको पाइएन । कार्यालयमा सो कामको अध्यावधिक विवरण अभिलेखांकननै नभएकोले खेल मैदान निर्माण उपभोक्ता समितिलाई प्रदान गरेको रकमको अधिक्तम उपयोग भएको एकिन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>३८.</td><td>पुस्तकको अभिलेख : सामाजिक विकास मन्त्रालयबाट वेतुवा मा.वि र ज्यू मा.वि लाई पुस्तकालय सञ्चालनको लागि २०००००।०० को दरले रु ४०००००.०० उपलब्ध गराएको छ ।</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | गाउँपालिकाबाट प्राप्त रकमले खरिद गरेको पुस्तकको जिन्सी अभिलेख र दाखिला प्रतिवेदन पेश नभएको अवस्थामा ति विद्यालयहरुले विद्यालयलाई आवश्यक पुस्तक खरिद गरेको विल भरपाई पेश गरी रकम भुक्तानी दिएकोले पुस्तकको जिन्सी अभिलेख पेश गर्नु पर्ने रु............ | ४,००,००० |
| ३९. | **इन्टरनेट जडान खर्च :** भौ.न ५६ मिति २०७४।१०।२१ कार्यालयले इन्टरनेट जडान र मासिक सेवा प्रवाहको लागि विभिन्न फर्मसंग कोटेशन माग गरेको छ । सो कोटेशनमा एन.के.इन्टरप्राइजेज सिराहाले न्यूनतम अंक रु २९६९४१।४० (भ्याट सहित ) कवोल गरेकोले निजलाई कार्यादेश दिइएको छ । निजले इन्टरनेट सेवा प्रवाहका लागि आवश्यक विभिन्न ९ डिभाइस र जडान सामग्रीहरुको रु १७९६७०।०० ३ महिनाको इन्टरनेट शुल्क रु २०९९९।७२ र अन्य विलभरपाइको रु ८०७८०।२८ सहित रु २८१४५०।०० भुक्तानि गरेको छ । जडानको क्रममा हुने सम्पूर्ण खर्च समावेश गरी विल विजक जारी गर्नु पर्ने र कोटेशन माग गरिएको पार्टीले जारी गरेको विलको रकम मात्र भुक्तानी दिनु पर्नेमा सो बाहेक अन्य विल भर्पाईको रकम समेत भुक्तानी दिएको साथै कार्यालयलाई प्राप्त भएको सामानहरुको जिन्सी दाखिला नगरेको, इन्टरनेट सेवाका नियमित आपूर्ति हुनुपर्ने सेवा रहेकोले सो संग सम्वन्धित डिभाइसको र सेवाको विक्रि पछिको सेवा,गुणस्तर,मासिक भुक्तानी गर्नुपर्ने शुल्क सम्वन्धमा संभौता समेत भएको नदेखिएकोले रु........ | ८०७८०.०० |
| ४०. | **परीक्षा संचालन खर्च :** भौ.न. ११० मिति २०७५।१।१३ वार्षिक रुपमा हुने एस.ई.ई परीक्षा सञ्चालनको सम्पूर्ण खर्च जिल्ला शिक्षा समन्वय इकाईले गर्ने व्यवस्था भएकोमा कार्यालयले एस.ई.ई परीक्षा सञ्चालन, उत्तर पुस्तिका ढुवानी र सुरक्षाकर्मी खर्च बापत रु ५००००.०० श्री बालकन्या मा.वि. लाई भुक्तानी दिएको कारण स्पष्ट भएन । शिक्षा कार्यालयबाट निकासा भए नभएको यकिन गरी उक्त प्रयोजनको लागि रकम निकासा भएको भए गाउँपालिकाबाट दिएको रकम असुल हुनुपर्ने रु | ५००००.०० |
| ४१. | **पदाधिकारी सुविधा :** गाउँ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधाको सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७५ को दफा ३ मा गाउँपालिकाका अध्यक्ष,वडाध्यक्ष कार्यपालिकाका सदस्य र वडा सदस्यले प्राप्त गर्ने सुविधा सम्वन्धमा ऐनको अनुसूची १ मा उल्लेख भएबमोजिमको सुविधालाई अधिकतम कायम गरी कार्यापालिकाले निर्धारण गरेबमोजिमको सुविधा पाउने व्यवस्था छ । यस गाउँपालिकाको कार्यालयले ऐन बमोजिमको सुविधाका सम्वन्धमा कार्यपालिकाले कुनै निर्णयनै नगरेको अवस्थामा समेत रु २१,३७,०००।०० सुविधा प्रदान गरेको नियम संगत देखिएन । ऐनमा व्यवस्था भए अनुसार उक्त सुविधालाई अधिकतम कायम गरी गाँउपालिकाको आन्तरिक श्रोत समेतलाई आधारमानी कार्यपालिकाले सुविधा निर्धारण गरेपछिमात्र पदाधिकारी सुविधा भुक्तानी दिनु पर्दछ । | |
| ४२. | **दूरीको अभिलेख :** भ्रमण खर्च नियमावली,२०६४ को नियम १९ मा जिल्लाभित्रको ठाउँ ठाउँको दुरीको विवरण सम्वन्धित जिल्लाको स्थानीय विकास अधिकारीले तयार गरी राख्नुपर्ने र जिल्लाभित्रका सवै कार्यालयलाई उपलव्ध गराउनुपर्ने व्यवस्था छ । साथै उप नियम ३ मा सोहि विवरणको आधारमा सम्वन्धित कार्यालयले कोषको हिसाव गरी भ्रमण भत्ता उपलव्ध गराउनु पर्ने व्यवस्था छ । कार्यालयका कर्मचारीहरुलाई कार्यक्रम खर्च,अनुगमन मूल्यांकन खर्च र भ्रमण खर्च शिर्षकबाट यस वर्ष रु २६८१२३०।०० भ्रमण खर्च वापत भुक्तानी गरेकोमा दुरीको विवरण तयार गरेको छैन । स्थानीय तहको विभिन्न वडाका योजना अनुगमन गर्ने, नापजाँच गर्ने लगायतका विभिन्न प्रशासनिक कामका सिलसिलामा विभिन्न वडा वाट गाउँपालिकाको कार्यालयसम्म आउँदाजाँदाको समेत भ्रमण भत्ता भुक्तानी भएकोले गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको दुरी,सवारी साधनको उपलव्धता जस्ता विषयहरुको आधारमा भ्रमण भत्ता वितरणको आधार तयार गरी आन्तरिक नियन्त्रण कायम गर्नु पर्दछ । | |
| ४३. | **सूचना भुक्तानी** : कार्यालयले विभिन्न संस्थाहरुलाई सूचना प्रशारण वापतको रकम रु. ३,४८,६०६.०० भुक्तानी गरेको छ । कार्यालयले आफ्नो आवश्यकता र वार्षिक कार्यक्रमको आधारमा सूचना प्रकाशन प्रशारणको लागि संभौता , कामको आदेश प्रदान वेगर ,दशैं, तिहार | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | नववर्ष आदिमा शुभकामना, वधाई जस्ता अनुत्पादक सूचना प्रकाशन गरे वापतको रकम भुक्तानी दिएको पाइयो । सरकारी बजेटबाट शुभकामना विज्ञापन दिन नपाइने भएकोले सूचना प्रकाशन वापतको रकम सन्देशमूलक सूचना प्रकाशन तथा कार्यालयका सूचना प्रकाशित गरे वापतको रकम भुक्तानी दिनु पर्दछ । | |
| ४४. | **सामाजिक सुरक्षा भत्ता :** गाउँपालिकाको वडा १ को दोश्रो चौमासिकमा सामाजिक सुरक्षा भत्ता वितरणको भरपाईमा नागरिकता नम्वर नाम थर र जन्ममिति एकै भएका निम्नानुसारक व्यक्तिहरुलाई सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ । | |

| सि.न | लाभग्राहिको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १. | प्रेम वहादुर परियार | ८०००.०० | जेष्ठ नागरिक |
| २. | दाम्जी माया परियार | ४०००.०० | दलित जेष्ठ नागरिक |
| ३. | अम्वीका परियार | ८०००.०० | जेष्ठ नागरिक |
| ४. | सुक माया विक | २४००.०० | जेष्ठ नागरिक र अपांग भत्ता दुवै बुझेको |
| ५. | गंगा माया खड्का | ८०००.०० | जेष्ठ नागरिक |
| ६. | धनविर दमाई | ८०००.०० | जेष्ठ नागरिक |
| ७. | मनमाया कामी | ८०००.०० | जेष्ठ नागरिक |
| ८. | मकर वहादुर दमाई | ८०००.०० | जेष्ठ नागरिक |
| ९. | भलमाया कामी | ८०००.०० | जेष्ठ नागरिक |

प्रथम चौमासिकमा जेष्ठ नागरिक १८१ जना दोश्रोमा १८९ र तेश्रो चौमासिकमा १७६ जनालाई वितरण गरेको भरपाई पेश भएको छ । सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको मूल अभिलेख कार्यालयमा राखी मृत्यू, बसाई सराई आदि, कारणले लगत कट्टा गर्नु पर्नेको विवरण तयार गरी लगत कट्टा नगरिएको, लाभग्राहीको लगत किताब प्रिन्ट गरी सोही अनुसार चौमासिक रुपमा भरपाई नगराएको, र वडा कार्यालयबाट प्राप्त भरपाई सहि भए नभएको भिडान गर्ने प्रणाली नरहेकोले वितरण गरिएको भत्ता रकम सही छ भनी यकिन हुन सक्ने अवस्था छैन । वितरण गरिएको भत्ता ठिक भएको सुनिश्चित हुन कार्यालयले गाउँपालिकामा रहेका भत्ता प्राप्त गर्न योग्य व्यक्तिको पहिचान गरी  लाभग्राहीको लगत किताबसंग भिडान गर्ने र भत्ता नपाउने व्यक्तिलाई वितरण भएको भत्ता यकिन गरी असूल गर्नु पर्दछ ।

| | | |
|---|---|---|
| ४४.१. | गाउँपालिकाको निम्न वडाको सवै चौमासिकमा सामाजिक सुरक्षा भत्ता वितरणको भरपाईमा नागरिकता नम्वर नाम थर र जन्ममिति एकै भएका निम्नानुसारका व्यक्तिहरुलाई सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ । | |

| वडा | लाभ समुह | नाम | नागरिकता नम्वर | जन्म मिति | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १ | जेष्ठ नागरिक भत्ता (अन्य) | सुकमाया बि.क. | १८४ | १९९५-१२-२२ | २४०००.०० |
| १ | जेष्ठ नागरिक भत्ता (दलित) | सुकमाया बि.क. | १८४ | १९९५-१२-२२ | १२०००.०० |
| १ | जेष्ठ नागरिक भत्ता (अन्य) | बिष्णुमाया सार्की | १९१ | २००१-०२-१० | २४०००.०० |
| १ | जेष्ठ नागरिक भत्ता (दलित) | बिष्णुमाया सार्की | १९१ | २००१-०२-१० | १२०००.०० |
| १ | जेष्ठ नागरिक भत्ता (अन्य) | मकर बहादुर दमाई | १४१ | २००१-०६-०९ | २४०००.०० |
| १ | जेष्ठ नागरिक भत्ता (दलित) | मकर बहादुर दमाई | १४१ | २००१-०६-०९ | १२०००.०० |
| २ | अति अशक्त अपाङ्गता भत्ता | चन्द्रमान राई | १२३००२।४१९ | २०२५-०४-२५ | ७२००.०० |
| २ | अति अशक्त अपाङ्गता भत्ता | चन्द्रमाया राई | १२३००२।४१९ | २०२५-०४-२५ | ७२०००.०० |

नागरिकता नम्वर नाम थर र जन्म मिति एउटै भएमा फरक फरक व्यक्तिलाई भत्ता वितरण गरेको सम्वन्धमा कार्यालयबाट छानविन गरी असुल हुनु पर्दछ ।

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| ४४.२. | विभिन्न वडाहरुको सामाजिक सुरक्षा भत्ता वितरणको भरपाई परिक्षणको क्रममा भरपाईमा ल्याप्चे लगाई सकेकोमा पनि फिर्ता उल्लेख गरेको छ । सम्वन्धित लाभग्राही वाहेकका अन्यलाई हस्तेको रुपमा समेत भत्ता बुझाएको देखिन्छ । दलित वालवालिकाको सम्वन्धमा सुविधा प्राप्त गरेका अभिभावकहरुको विवरण अध्यावधिक गरी नराखेको कारणले १ अभिभावकले कति वालवालिकाको लागि सुविधा प्राप्त गरेको छन् सो भिडान हुन सकेन । | |
| ४४.३. | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७२ को दफा १५(क) अनुसार सामाजिक सुरक्षा भत्ता प्रथम चौमसिक असोजको १ गतेवाट दोश्रो हप्ता भित्र,दोश्रो चौमासिक माघको १ गतेबाट दोश्रो हप्ता भित्र तेश्रो चौमासिक जेठको १ गतेबाट दोश्रो हप्ताभित्र भुक्तानी गर्नु पर्ने व्यवस्था छ । साथै सोहि नियमको उपनियम (ङ) को खण्ड (ई) अनुसार पहिलो चौमासिक कार्तिक मसान्त भित्र, दोश्रो चौमासिक फागुन मसान्त भित्र र तेश्रो चौमासिक आषाढ २० गते भित्र पेश्की फछ्र्यौटका लागि पेश गर्नुपर्ने व्यवस्था छ । यस गाँउपालिका अन्तरगतको वडालाई सामाजिक सुरक्षा भत्ता वापत प्रदान गरेको प्रथम चौमासिकको पेश्की असोज ६ मा प्रदान गरेकामा असोज २७ गते,दोश्रो चौमासिकको लागि चैत्र १३ मा प्रदान गरेको असार ७ गते र तेश्रो चौमासिकको लागि असार २५ गते प्रदान गरेको पेश्की असार ३१ गते फछ्र्यौट गरेको छ । दोश्रो र तेश्रो चौमासिकको पेश्की कार्यविधिमा तोकिएको अवधि भित्र प्रदान तथा फछ्र्यौट गरेको पाइएन । कार्यविधिमा तोकिए बमोजिम पेश्की प्रदान तथा फछ्र्यौट हुनु पर्दछ । | |
| ४५. | **बढी निकासा :** विद्यालय क्षेत्र विकास कार्यक्रम(क्षेत्र,जिल्ला,स्थानीय तह) लगायतका आ.ब २०७४।७५ मा सम्पादन हुने कार्यक्रमहरु सम्वन्धी कार्यक्रम कार्यान्वयन पुस्तिका २०७४।७५ को सि.न २.१५.११ मा सामुदायिक विद्यालयमा आधारभुत तथा माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुका लागि गैर आवासिय छात्रवृत्ती,दलित छात्रवृत्ती वितरण गर्दा कुनै पनि छात्रवृत्ती दोहोरो नपर्ने गरी वितरण गर्ने र २०७५ वैशाखमा भर्ना भएका विद्यार्थीले मात्र छात्रवृत्ति पाउने व्यवस्था छ । गाउँपालिकाले विभिन्न ४९ विद्यालयहरुलाई २०७४ मा भर्ना भएका विद्यार्थी संख्याको आधारमा रु. ७७७९००।०० छात्रवृत्ती रकम निकासा गरेको छ । २०७५ वैशाखमा भर्ना भएका विद्याथी संख्याको आधारमा निकासा दिनु पर्नेमा, २०७४ शैक्षिक सत्रका विद्यार्थिको आधारमा निकासा दिएकोले सो सम्वन्धमा कार्यालयलेनै एकिन गरी वढी निकासा भएको रकम असुल गर्नुपर्ने रु. | ७७७९००.०० |
| ४६. | **स्वास्थ्य तर्फ :** गाउँपालिका अन्तरगत सञ्चालित पि.भि.सि क्षयरोग यातायात खर्च कार्यक्रम अन्तरगत मदन तामाङलाई क्षयरोग देखिएको र निजका घर परिवारबाट स्वास्थ्य संस्थामा क्षयरोग परीक्षण गराएकोले प्रोत्साहन स्वरुप रु. २००।०० का दरले २० जनाको रु ४०००।०० मदन तामाङलाई भुक्तानी गरेको छ । क्षयरोग परीक्षण गराउने व्यक्ति स्वयंलाई प्रोत्साहन स्वरुप उपलब्ध गराउनु पर्ने रकम अन्य व्यक्तिलाई उपलब्ध गराउन नमिल्ने भएकोले सम्बन्धित व्यक्तिलाई उपलब्ध गराउनु पर्दछ । | |
| ४७. | **पुस्तक खरिद :** यस कार्यालयले देहायका फर्मबाट निम्नानुसारको परिमाणमा पुस्तकहरु खरिद गरेको छ । कार्यालयमा पुस्तक राख्ने स्थानको समेत व्यवस्था नभएको र कार्यालयको लागि आवश्यक हुने पुस्तकको पहिचान समेत नभएको अवस्थामा ठुलो परीमाणमा पुस्तक खरिद गरिएको छ । खरिद गरिएका पुस्तक निरीक्षण गर्दा कार्टुन र वोरामा नै प्याक गरी भण्डारमा राखिएकोले आवश्यकता वेगर खरिद गरेको देखियो । साथै पुस्तकको पहिचान हुने गरी स्टोर दाखिला समेत गरेको देखिएन । खरिद गरिएका पुस्तक भण्डार दाखिला गरी प्रयोगमा ल्याउने व्यवस्था गर्नु पर्ने र आवश्यकता पहिचान वेगर बजेट विनियोजन गरी सो खर्च गर्ने उद्देश्यले मात्र खरिद गर्ने कार्य बन्द हुनु पर्दछ । | |

| भौ.न मिति | फर्मको नाम | परिमाण | रकम |
|---|---|---|---|
| ३२/०७४/९/२० | बुकहिल पब्लिकेशन | २३ कार्टुन | ४९००००.०० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | | | | रकम |
|---|---|---|---|---|---|
| | १५५/०७५/३/१५ | सयपत्री पुस्तक भण्डार | ४७ थान | ६९८३०.०० | |

४८. **प्रोत्साहन भत्ता** - नेपाल सरकारबाट स्थानीय निकायमा खटिएका निजामती कर्मचारी, मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदानका कर्मचारीको तलव, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च, क्षमता विकास खर्च, सामाजिक परिचलान खर्च पाउने व्यवस्था छ । २०७४।९।२४ को गाउँकार्यपालिकाको वैठकको निर्णय नम्वर ६ अनुसार गाउँपालिका र ६ वडामा स्थायी ३ जना मात्र कर्मचारी रहेकोले कार्यवोझ वृद्धि भएको हुँदा ३ कर्मचारीलाई ५० प्रतिशत प्रोत्साहन भत्ता दिने निर्णय गरेको छ । सो निर्णय बमोजिम केन्द्रीय चालु अनुदानबाट यस वर्ष ३ कर्मचारीलाई प्रोत्साहन भत्ता रु ४५७०२०।०० र कन्टिन्जेन्सीबाट इन्जिनियरलाई रु ४५७५०।०० समेत जम्मा रु ५०२७७०।०० खर्च लेखेको छ । कर्मचारी दरवन्दी अनुसारको पदपूर्ति गरी यस किसिमको प्रोत्साहन भत्ता वितरण प्रदान गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ ।

४९. **साना सिंचाई :** साना सिँचाई आयोजना अन्तरगत यस कार्यालयबाट एवला कुलो सिँचाई आयोजना र रुक्नु खोला साना सिँचाई आयोजना सञ्चालनमा रहेका र उपभोक्ता समितिमार्फत निर्माण प्रक्रिया शुरु गरेको छ । सिँचाई सम्वन्धी आयोजनाको लागि जल उपभोक्ता समिति गठन भई दर्ता भएको छैन । संझौतामा उल्लेख भए अनुसारको कुल संझौता रकमको ०.५ प्रतिशत रकम उपभोक्ता समितिले मर्मत तथा सम्भारका लागि नगदै जम्मा गरेको,खरिद प्रक्रियाहरुमा सार्वजनिक खरिद ऐन,२०६३ र नियमावली,२०६४ पालना गरेको प्रमाण संलग्न छैन । विस्तृत परियोजना प्रतिवेदनमा आयोजनाहरु ४ महिनामा सकिने गरी कार्य तालिका बनाएकोमा यस आर्थिक वर्ष १ महिनामात्र काम भएको छ । उपभोक्ता समितिले गरेको कामको परिमाण मात्र उल्लेख गरी कार्यसम्पन्न प्रतिवेदन बनाएको र नापी किताब तयार गरी कार्यालयमा नराखेकोले कुलोको कुल लम्वाईको कुन चेनेजमा काम भएको हो, विस्तृत परियोजना प्रतिवेदनमा उल्लेख भएको चेनेजमा सोहि बमोजिमको काम भए नभएको यकिन गर्न सकिएन ।

| सिंचाईको नाम | लागत अनुमान | खर्च रकम |
|---|---|---|
| एवला कुलो सिँचाई आयोजना | ३०२९०४१.४५ | ७६५४४५.०० |
| रुक्नु खोला साना सिँचाई आयोजना | २४९९५५२.७८ | ५८६५६२.०० |

५०. **पेश्की वाँकी :** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ७४ वमोजिम लिएको पेश्की आर्थिक बर्षको अन्तसम्म फछ्र्यौट नभई बाँकी रहेका निम्न पेश्की नियमानुसार फछ्र्यौट हुनु पर्ने रु. — १,१७,५००.००

| सि.नं. | पेश्की लिनेको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १. | ताम्दुङटोल खानेपानी उ.स | खानेपानी मर्मत | २५०००.०० |
| २. | जुकेखोला नल्खुखोला | खानेपानी मर्मत | ८२५००.०० |
| ३. | वाल कल्याण प्रा.वि. | वालमैत्री कक्षा | १००००.०० |
| **जम्मा** | | | **१,१७,५००.००** |

५१. **वित्तीय उत्तरदायित्व मूल्यांकन :** सुशासनको अभिवृद्धि र विश्वमा प्रचलित असल अभ्यासको आधारमा वित्तीय जवाफदेहिता तथा उत्तरदायित्व सम्बन्धी स्थितिको मूल्यांकन गर्न तोकिएका सूचकको आधारमा मूल्यांकन गरी सो को आधारमा निकायको स्तर वर्गीकरण गर्ने सम्बन्धमा व्यवस्थापकीय पक्ष, वित्तीय व्यवस्थापन पक्ष, सेवा प्रवाह र खरिद व्यवस्थापन/विकास निर्माण सम्बन्धमा लेखापरीक्षणको शिलशिलामा मूल्यांकन गर्दा कूल १०० अंक मध्ये ४७ अंक प्राप्त गरी ग्रेड सि प्राप्त गरेको पाइएको छ। उक्त अनुसार सुधार गर्नुपर्ने देखिन्छ ।

५२. लेखापरीक्षणबाट रु.५९ लाख ५२ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. १० लाख ५८ हजार, नियमित गर्नुपर्ने रु. ३७ लाख ५१ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. १० लाख २५ हजार र पेश्की रु. १ लाख १८ हजार रहेको छ ।

५३. **बेरुजू** - गाउँपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने रु ११ लाख ३ हजार, नियमित गर्नुपर्ने रु ३७ लाख ५१ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु १० लाख ८० हजार र

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>पेश्की  रु. १ लाख १८ हजार  समेत रु ६० लाख ५२ हजार बेरुजू कायम भएकोमा प्रतिक्रियाबाट रु. १ लाख फछ्र्यौट भइ रु ५९ लाख ५२ हजार बेरुजू कायम भएको छ ।</td><td></td></tr>
<tr><td>५४.</td><td>अनुगमन तथा मूल्याङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ : (रु हजारमा)
<table>
<tr><td>गत वर्षको बेरुजु रकम (रु.)</td><td>यो वर्ष फछ्र्यौट</td><td>बाँकी</td></tr>
<tr><td>६०२९</td><td>०</td><td>६०२९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५५.</td><td>अद्यावधिक बेरुजु स्थिति : गाँउपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ : (रु हजारमा)
<table>
<tr><td>गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.)</td><td>यो वर्षको सम्परीक्षण बाट कायम बेरुजु रु.</td><td>यो वर्षको कायम बेरुजु रु.</td><td>बाँकी</td></tr>
<tr><td>६०२९</td><td>०</td><td>५९५२</td><td>११९८१</td></tr>
</table>
उल्लेखित ऐन बमोजिम फछ्र्यौट गर्न बाँकी सम्पूर्ण असुल फछ्र्यौट गरिनु पर्दछ ।</td><td></td></tr>
</table>

अनुसूची १

# वराह पोखरी गाउँपालिकाको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७४।७५

(रु.हजारमा)

| सि.नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्योट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | खोटांग | वराहपोखरी गा.पा | ५० | १५ | ६०५२ | ० | ३ | १०० | ५० | १२ | ५९५२ | १०५८ | ३७५१ | १०२५ | ० | ० | ५८३४ | ० | ११८ | ११८ |

अनुसूची- २

# सञ्चित कोष विवरण

## २०७४।७५

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | वराहपोखरी | खोटांग | ६४१३ | १३९६६६ | ९७७२३ | १८४ | २३७५७३ | २१७४५ | १०००१४ | ९७४७३ | २१९२३२ | २४७५४ |